नेपाल सरकार
शिक्षा मन्त्रालय
# शिक्षा विभाग
विद्यालय शिक्षक व्यवस्थापन शाखा
सानोठिमी, भक्तपुर

प.सं.:- ४.७६/०७३/०७४
च.नं.:-

फोन : ६-६३५११३

## शिक्षक पदस्थापनका आधारहरू : जिल्ला शिक्षा कार्यालय

१. शिक्षक पदस्थापन गर्न हाल सामुदायिक विद्यालयमा रिक्त दरबन्दी र मिति २०६३/१/११ पछि अस्थायी नियुक्ति भई कार्यरत रहेका अस्थायी शिक्षकहरूको नियुक्ति मिति र विषय सहितको विवरण तयार गर्ने ।

२. जिल्लामा रिक्त दरबन्दी रहेका विद्यालयको तहगत रूपमा विषय खुलाई शिक्षक पदस्थापन गर्नु पर्ने सङ्ख्या बमोजिम रिक्त दरबन्दीको सूची अद्यावधिक गरी प्रकाशित गर्ने ।

३. प्रकाशित गरिएको विद्यालयहरूको विषयगत दरबन्दी सूचीमध्येबाट उम्मेदवारहरूलाई इच्छाइएको विद्यालय छनोटका लागि विद्यालय छनोट फाराम भर्न लगाउने । त्यसरी फाराम भर्दा उम्मेदवारहरूलाई सूचीमा उल्लेख भएका विद्यालयहरूको प्राथमिकताक्रम उल्लेख गर्न लगाउने ।

४. शिक्षक पदस्थापन गर्दा रिक्त दरबन्दीमा पदस्थापन गर्ने । यदि पदस्थापन गर्नु पर्ने सङ्ख्या बमोजिम विषयगत रिक्त दरबन्दी उपलब्ध नभएमा पदस्थापन गर्नु पर्ने विषयको विषयगत कनिष्ठताका आधारमा अस्थायी शिक्षक विस्थापित हुने गरी शिक्षक पदस्थापन गर्ने ।

५. उम्मेदवारहरूको पदस्थापनका लागि विद्यालय छनोट गर्दा निम्नानुसार क्रमशः प्राथमिकता दिने :

(क) सिफारिस भएको विषयमा स्वीकृत दरबन्दीमा कार्यरत भई कार्यरत विद्यालयमा नै माग गरेमा विषय र दरबन्दी भएसम्म सोही विद्यालयमा ।

(ख) अपाङ्गता (क र ख वर्गको अपाङ्गता परिचय पत्र) भएका उम्मेदवारहरूलाई योग्यताक्रमको आधारमा माग गरेको विद्यालयमा ।

(ग) महिला उम्मेदवारले योग्यताक्रमको आधारमा निजले माग गरेको विद्यालयमा ।

(घ) अन्य उम्मेदवारहरूको हकमा योग्यताक्रमको आधारमा माग गरेको विद्यालयमा ।

६. अस्थायी/लियनमा नियुक्ति भई कार्यरत शिक्षक स्थायी नियुक्तिको लागि सिफारिस भएको तर विद्यालय छनोटका लागि माग नगरेमा योग्यताक्रम बमोजिम हुने ।

७. माध्यमिक तहका स्थायी शिक्षकहरूको पदस्थापन गर्दा अस्थायी दरबन्दीमा कार्यरत शिक्षकहरूलाई सकेसम्म कम विस्थापन हुने गरी जिल्ला तहमा कार्यविधि तयार गरी विस्थापित हुन सक्ने शिक्षकहरूलाई शिक्षक अनुदान कोटा (राहत) समेतमा नियुक्तिको जेष्ठताको आधारमा जिल्ला शिक्षा समितिको निर्णयानुसार पुनः व्यवस्थापन गर्न सकिने । यसरी व्यवस्थापन गर्दा पदस्थापनको निर्णय भएको मितिसम्म रिक्त रहेका दरबन्दी तथा शिक्षक अनुदान कोटा (राहत) मा व्यवस्थापन गर्न सकिने छ ।

अणप्रसाद न्यौपाने
निर्देशक

नेपाल सरकार

शिक्षा मन्त्रालय

**शिक्षा विभाग**

क्षेत्रीय शिक्षा निर्देशनालय

जिल्ला शिक्षा कार्यालय

# विद्यालय छनोट फाराम

१. उम्मेदवारको नाम :- सम्पर्क फोन नम्बर :-

२. स्थायी ठेगाना :- सिफारिस भएको विषय :-

३. शैक्षिक योग्यता :- माथिल्लो शैक्षिक योग्यता :-

४. अध्ययन गरेको मूल विषय :-

५. स्थायी नियुक्तिका लागि सिफारिस भएको तह :- मा.वि. ☐ नि.मा.वि. ☐

६. स्थायी विषय :-

७. सम्बन्धित तहमा अस्थायी नियुक्ति भई कार्यरत भएको भएमा (अस्थायी नियुक्तिको प्रतिलिपि संलग्न गर्ने) :-

कार्यरत विद्यालयको नाम, ठेगाना :-

कार्यरत तह :-

विषय :-

८. पदस्थापनका लागि माग गरेका विद्यालयको नाम र ठेगाना :-

| क.सं. | विद्यालयको नाम | विद्यालयको ठेगाना | प्राथमिकता नं. | | कैफियत |
|---|---|---|---|---|---|
| | | | अङ्कमा | अक्षरमा | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

*नोट :- १. प्राथमिकताक्रम नं. १ ले सबैभन्दा बढी र अन्तिम नं. ले सबैभन्दा कम इच्छाइएको विद्यालयलाई जनाउने छ।*

*२. सबै विद्यालयको प्राथमिकताक्रम नं. अनिवार्य रूपमा उल्लेख गर्नु पर्ने छ।*

आवेदकको दस्तखत :-

मिति :-

नमूना

मिति :- २०७   /   /

विषय :- स्थायी नियुक्ति ।

श्री ........................

..............................

क्षेत्रीय शिक्षा निर्देशनालय, .......................... को च.नं. .......... मिति ........................ को पत्रानुसार शिक्षक सेवा आयोगको सिफारिस तथा यस कार्यालयको मिति .......................... को निर्णयानुसार तपाईंलाई शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम ९६(१) बमोजिमको परीक्षणकालमा रहने गरी प्रचलित नियमानुसार विद्यालयमा हाजिर भएको मितिदेखि तलब भत्ता पाउने गरी तपसिल बमोजिमको तह, श्रेणी, विषय र विद्यालयमा स्थायी नियुक्ति तथा पदस्थापन गरिएको व्यहोरा अनुरोध छ ।

**स्थायी नियुक्ति तथा पदस्थापन :**

१. विद्यालय :

२. पद :

३. तह :

४. श्रेणी :

५. विषय :

६. तलब भत्ता : प्रचलित नियमानुसार

गरिमामय शिक्षक पदमा स्थायी नियुक्ति हुनु भएकोमा हार्दिक बधाई ।

**बोधार्थ :-**

१. श्री विद्यालय शिक्षक किताबखाना, ताहचल, काठमाडौं ।

२. श्री कर्मचारी सञ्चयकोष शिक्षण संघ संस्थान, ठमेल, काठमाडौं ।

३. श्री नागरिक लगानीकोष, नयाँ वानेश्वर, काठमाडौं ।

४. श्री क्षेत्रीय शिक्षा निर्देशनालय, ..............

५. श्री जिल्ला शिक्षा कार्यालय, आर्थिक प्रशासन फाँट,

६. श्री ...................... विद्यालय